# अनुगमन/भ्रमण प्रतिवेदन

**अनुगमनकर्ताः** रबिन्द्रकाजी थापा, वरिष्ठ बागवानी विकास अधिकृत

**अनुगमन अवधिः** २०७३/०३/९ देखि २०७३/०३/१२ सम्म

**अनुगमन गरिएको आयोजनाहरुः** Promotion of water harvesting technology for dry season irrigation in peri-urban area (Lapsiphedi and Naglebhare VDCs) of Kathmandu. **(1137)**

Promotion of Kiwifruit Cultivation for Income and Employment to the Rural Youth of Sindhupalchok District. **(1217)**

**आयोजना संचालन गर्ने संस्थाः** Group of Environmental Research and Preservation Nepal, (GREP-Nepal), Samakhusi, Kathmandu

**अनुगमन गरिएको स्थानः** नाङलेभारे, काठमाण्डौं र भोटेचौर, सिन्धुपाल्चोक

**अनुगमनमा सहभागी संस्थाका व्यक्तिहरुः** Ishwarman Shrestha (Project Coordinator of PN. 1137 and board member of GREP-Nepal) and Nagendra Bastakoti (Member of GREP-Nepal)

## अनुगमनका क्रममा भए गरेका क्रियाकलापहरुः

**आयोजना नं.: ११३७**

- आयोजनाको सहयोगमा निर्मित पानी संकलन प्लाष्टिक पोखरीहरुको अवलोकन गरेको ।
- आयोजनाबाट प्रत्यक्ष लाभान्वित कृषकहरुसँग अन्तरक्रिया गरेको ।
- आयोजनाको सहयोगमा निर्माणाधिन प्लाष्टिक पोखरीको लागि प्लाष्टिक हस्तान्तरण कार्यक्रममा सहभागि भएको ।

**आयोजना नं.: १२१७**

- आयोजनाको परिचयात्मक गोष्ठिमा सहभागी भई भोटेचौरको अन्नपूर्ण कृषक समूह, सिन्धुकोटको सेतीदेवी कृषक समूह तथा हैबुङको हिमालय कृषक समूहका कृषकहरुसँग अन्तरक्रिया गरेको ।
- भोटेचौर गा.वि.स. अवस्थित श्री सिन्धु कृषि सुधार बहुद्देश्यीय सहकारी संस्था अन्तरगत गठित अन्नपूर्ण कृषक समूहको व्यवस्थापनमा लगाईएको किवी बगैंचा तथा किवी नर्सरी अवलोकन गरि प्राविधिक सर-सल्लाह दिएको ।
- आयोजनासँग सोझै सम्बन्धित नभएतापनि श्री सिन्धु कृषि सुधार बहुद्देश्यीय सहकारी संस्थाले स्थापना गरेको अलैंची नर्सरी, ब्रोईलर कुखुरापालन र गाई पालन समेत अवलोकन गरेको ।

## आयोजनाको उपलब्धी एवं तत्कालिन प्रभावहरु

**आयोजना नं.: ११३७**

- आयोजनाबाट केही प्लाष्टिक पोखरी निर्माण भईसकेको र केही निर्माणाधिन अवस्थामा रहेकोमा निर्माण भईसकेको पोखरीबाट कृषकहरु लाभान्वित भईरहेको पाईयो । कृषकहरुले आयोजना संचालन हुनु पूर्व घरायसी प्रयोजनको लागि मात्र तरकारी खेती गरिरहेको तथा पानीको अभावमा कोदो मकै जस्ता आय आर्जन कम हुने बाली लगाईरहेकोमा हाल व्यवसायिक तरिकाले तरकारी खेती गरि थप आय आर्जन गरिरहेको देखियो (स्थलगत अवलोकन तथा अन्तरक्रियाको आधारमा) । आयोजनाको तर्फबाट कृषकहरुले उन्नत तथा बर्णशंकर जातका तरकारी बीउहरु पनि प्राप्त गरेका हुँदा थप लाभान्वित भएका ।
- प्रति कृषक कम्तीमा आधा रोपनी देखि २-३ रोपनी जग्गामा व्यवसायिक तरकारी खेती गरि आयआर्जन गरिरहेको पाईयो ।
- अगुवा कृषक श्री सन्त आचार्यसँग अन्तरक्रिया गर्दा उहाँले आयोजनाबाट निर्मित प्लाष्टिक पोखरीबाट सिंचित जग्गामा उत्पादित तरकारी बिक्रि वितरण गरि बैंकमा बचत गरेको ३५ हजार रुपैयाँ परिवार विमारी हुँदा खर्च गरेको र ऋण लिनबाट जोगिएको मर्मस्पर्शी प्रेरक प्रसंग सुनाउनु भयो ।

- अगुवा कृषक श्री प्रेम तामांगसँगको अन्तरक्रिया एवं फिल्ड भ्रमणको क्रममा प्लाष्टिक पोखरिबाट सिंचाई गरि व्यवसायिक स्कूस खेती गरिरहेको देखियो ।साथै गत वर्ष काउली बन्दाखेतीबाट यथेष्ट मुनाफा भएकोमा यस वर्ष काउली समूहको बालीमा क्लब रुट रोगको समस्याले बाली नष्ट भएको तथा लहरे तरकारी बाली असिनाले क्षति भएको जानकारी प्राप्त भयो ।

**आयोजना नं.: १२१७**

- आयोजना भरखर शुरुवातको चरणमा रहेको हुँदा उपलब्धीहरु प्राप्त हुने समय भईनसकेको । यद्यपी परिचयात्मक गोष्ठीमा उपस्थित कृषकहरुको अभिरुची एवं उत्सुकता प्रशंसनीय देखिएको ।आयोजनाबाट हालैमा केही कृषि औजार सहयोग भएको तथा गत वर्ष नै स्थापना भईसकेको किवी बगैंचामा T-bar निर्माणको लागि सहयोग भईरहेको जानकारी प्राप्त भयो ।

## अनुगमनको क्रममा देखिएका मुख्य कमजोरीहरु/समस्याहरु

**आयोजना नं.: ११३७**

- आयोजनाको जानकारी दिन फ्लेक्स प्रिन्ट होर्डिङ बोर्ड राखिएको हुँदा हाल अधिकाँस च्यातिएर क्षत विक्षत भएको पाईयो ।
- घर नजिक निर्माण भएका प्लाष्टिक पोखरीहरुमा घरको छानामा वर्षामा परेको पानी संकलन गरी जम्मा गर्ने व्यवस्था गर्नु पर्नेमा सो नगरिएको देखियो ।

**आयोजना नं.: १२१७**

- भर्खरै आयोजना कार्यान्वयनको चरणमा रहेको हुँदा हाल कुनै समस्या नरहेको ।
- कृषकहरुले गत वर्ष नै लगाएको किवी बगैंचामा उचित व्यवस्थापन गरेको पाईएन । बोटको तालिमीकरण, काँटछाँट, गोडमेल लगाएतको स्याहार संभार कार्य सिफारिस गरिए अनुसार नभएको देखियो ।
- प्राविधिक दक्षताको अभावले किवी नर्सरी (रुटस्टक उत्पादन कार्य) असफल देखिएको ।

## अनुगमनको क्रममा दिईएको सुझावहरु

**आयोजना नं.: ११३७**

- टिनको होर्डिङ बोर्ड राख्न उपयुक्त हुने ।
- घर नजिकका प्लाष्टिक पोखरीहरुमा घरको छतमा परेको पानी संकलन भई जम्मा हुने व्यवस्था गर्नु पर्ने ।
- क्लब रुट समस्या देखिएको जग्गामा आगामी केही वर्ष काउली वर्गको तरकारी खेती नगर्न सुझाव दिईएको ।

**आयोजना नं.: १२१७**

- Inception workshop को क्रममा आयोजनाको बारेमा स्थानीय लक्षित समुदायलाई जानकारी दिईएको ।
- स्थानीय कृषकको मागलाई सम्बोधन गर्दै लक्षित समुदायको सक्रिय सहभागिता सहित आयोजनालाई अगाडी बढाउन सुझाव दिईएको ।
- किवी खेती सम्बन्धी सामान्य प्राविधिक छलफल गरिएको ।
- बगैंचा व्यवस्थापन तथा किवी नर्सरी स्थापना सम्बन्धी तालिम आवश्यक देखिएको हुँदा किवी विशेषज्ञ/प्राविधिकबाट नै स्तरीय व्यवहारिक तालिम दिईनु पर्ने ।

## निष्कर्स

**आयोजना नं.: ११३७**

- आयोजना स्वीकृत पूर्ण प्रस्ताव अनुसार लक्षित उपलब्धीहरु हासिल गर्ने तर्फ सन्तोषजनक रुपमा अगाडि बढिरहेको देखिन्छ ।

**आयोजना नं.: १२१७**

- आयोजना संचालनको प्रारम्भिक चरणमा नै रहेको तथा Inception workshop मा देखिएको कृषकहरुको सक्रिय सहभागिता एवं उत्साहलाई मध्यनजर गर्दा आयोजना लक्ष्य अनुरुप निर्वाध रुपमा अगाडी बढ्ने विश्वाश लिन सकिन्छ ।

**बोधार्थः**

**श्री भिष्मकान्त घिमिरे, कृषि अधिकृत एवं डेस्क अफिसर (आयोजना नं. ११३७ र १२१७), NARDF**






आयोजना परिचयात्मक गोष्ठी




किवी खेती प्रविधि प्रवर्द्धन प्रदर्शनी स्थल

